सहमति
२०५८
(समुदाय र मानवता विकासका लागि प्रतिवद्ध संस्था)

ग्रामीण युवा विकास कार्यक्रम

AWO International

# युवा आवाज

वर्ष २, अङ्क २, पूर्णाङ्क ४ (Year 2, Vol. 2, Issue 4 ) श्रावण - पौष २०६९ / 2012 YOUTH VOICE

## संस्थागत भनाइ

सहमति र AWO International Germany को साझेदारीमा संचालित ग्रामीण युवा विकास कार्यक्रम पाँच वर्ष पार गरी छैठौं वर्षमा प्रवेश गर्दैछ । ग्रामीण पहाडि क्षेत्रमा रहेका युवाहरुको कार्यक्रमप्रति देखिएको उत्साह र चासो देख्दा कार्यक्रमले उल्लेखनीय सफलता हाँसिल भइरहेको छ । अर्थ उपार्जनका लागि विभिन्न विकल्पको खोजीमा भौतारिंरहेका युवा साथीहरुलाई स्थानीय स्तरमा नै अर्थात् स्वदेशमै विभिन्न अवसरहरुको पहिचान गराउने काममा कार्यक्रमले दिशानिर्देश गरेको छ ।

युवाहरु विकासको मुख्य साझेदार हुन् भन्ने तथ्यलाई कार्यक्षेत्रभित्रका युवाहरुको लगनशीलता र अठोटले प्रमाणित गरेको छ । सहकारीको विकास, स्थानीय सामाजिक संघ-संस्थामा युवा सक्रियता सामुदायिक विकासका काममा युवा संलग्नता एवं चासो, कृषि तथा गैह्र कृषिजन्य काममा युवाको उद्यमशीलता, युवा सूचना केन्द्रहरुको संस्थागत विकास आदिले ग्रामीण पहाडि भेगको समग्र विकासमा दीप प्रज्वलन भएको छ ।

आगामी दिनमा युवाहरुले अझै वौद्धिक विकास सँगसँगै आर्थिक रुपान्तरणको बाटोमा समेत आफ्नो समाजलाई समृद्ध बनाउँदै लैजाने छन् र यस कार्यमा युवा आवाज सबै युवाहरुको मुटुको ढुकढुकी बनोस्, सबै युवा साथीहरुको उज्ज्वल भविष्यका लागि सहमति संस्थाको ऐक्यवद्धता छ ।

करुणा सागर सुवेदी
अध्यक्ष तथा
सहमति परिवार




यस भित्र ..........
- लेख/विचार
- व्यक्तिगत अनुभूतिहरु

## ग्रामीण युवा विकास कार्यक्रम : एक झलक

सहमति र AWO International Germany को साझेदारीमा संचालित ग्रामिण युवा विकास कार्यक्रम सन् २००८ को जनवरीदेखि नवलपरासी जिल्लाका ४ वटा पहाडि गा.वि.स.हरु डाँडाझेरी, कोटथर, रतनपुर र गैंडाकोट गा.वि.स.को वार्ड नं ३ मा संचालन भइरहेको छ ।

ग्रामीण युवाहरुको जीविकोपार्जनमा सुधार ल्याउने प्रमुख लक्ष्य लिएको यस कार्यक्रमले उक्त लक्ष्य प्राप्त गर्नका लागि निम्न अनुसारको उद्देश्यहरु लिएको छ ।

- स्थानीयस्तरका सामाजिक तथा लघुवित्तिय संस्थाहरुमा युवाहरुको सहभागिता वृद्धि गराई निर्णायक तहमा पहुँच पुऱ्याउने,
- स्थानिय स्तरमा स्वरोजगारका अवसरहरु सृजना गर्दै युवाहरुको आयस्तर बृद्धि गराउने र
- युवाहरुको वाध्यात्मक, असूचित तथा मौसमी वसाईसराईलाई कम गर्ने ।

यी माथीका लक्ष्य तथा उद्देश्यहरु प्राप्त गर्नका लागि कार्यक्रमले मूलभुत रुपमा तिनवटा कार्यगत क्षेत्रहरु संस्थागत विकास, आयआर्जन र युवा विकास तथा पैरवी मार्फत विभिन्न किसिमका क्रियाकलापहरु संचालन गरिरहेको छ । कार्यक्रमले स्थानीय सामुदायिक तथा लघुवित्तीय संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धिका लागि तालिम तथा सहयोगहरु, स्थानिय स्तरमा स्वरोजगारका अवसरहरु सृजना गर्दै आम्दानी वृद्धि गर्नका लागि विभिन्न किसिमका आयआर्जनसँग सम्बन्धित तालिम तथा सहयोगहरु भईरहेका छन । यसका साथै युवाहरुले भोगिरहेको वाध्यात्मक, असूचित तथा मौसमी वसाईसराईलाई कम गर्न युवा सूचना केन्द्र मार्फत विभिन्न किसिमका सुरक्षित वैदेशिक रोजगार सम्बन्धी अभिमुखीकरण कार्यक्रमहरु संचालन गरिएको छ भने युवा सूचना केन्द्रमा भएका पत्रपत्रिका तथा विभिन्न किसिमका पुस्तकहरुको माध्यमवाट युवा तथा समुदायले विभिन्न जानकारी तथा ज्ञान लिईरहेका छन् ।

युवाहरुको व्यक्तिगत तथा संस्थागत क्षमता विकास मार्फत युवा तथा समग्र समाजको आर्थिक, सामाजिक तथा राजनैतिक परिवर्तन सम्भव भएकाले स्थानिय स्तरमा गठित युवा सूचना केन्द्रहरुलाई उनीहरुकै अगुवाईमा युवाहरुका लागि विभिन्न किसिमका क्रियाकलापहरु संचालन गर्न कार्यक्रमले प्राविधिक तथा आर्थिक सहयोग गरि रहेको छ । युवा सूचना केन्द्रहरुले सुरक्षित वसाईसराईका लागि त्यस सँग सम्वन्धित अभिमुखीकरण कार्यक्रमहरु मागका आधारमा संचालन गरिरहेका छन् भने कार्यक्रमहरु संचालन गर्न युवा सूचना केन्द्रमा नै तालिम प्राप्त युवाहरु रहेका छन् । यसका अतिरिक्त युवा सूचना केन्द्रहरुले अंग्रेजी भाषा कक्षा, विभिन्न युवा अनौपचारिक कक्षाहरु, कम्प्युटर कक्षा संचालन गर्ने उद्धेश्यले कम्प्युटरको व्यवस्था तथा वृक्षारोपण कार्यक्रमहरु गरिरहेका छन । प्रत्येक युवा सूचना केन्द्रहरुवाट वार्षिक रुपमा ११०० जना युवाहरुले विभिन्न जानकारी लिईरहेका छन् । यसले गर्दा युवा सूचना केन्द्रहरुमा सदस्यता विस्तार तथा युवाहरुको सहभागिता बढिरहेको पाईन्छ । जनजीवनसँग जोडिएका शैक्षिक, साँस्कृतिक तथा वैदेशिक रोजगारसँग सम्बन्धित कार्यक्रमहरु युवा सूचना केन्द्र स्वयंले एवं अन्य संस्थाहरुसँगको साझेदारीमा संचालन गरिरहेका छन् जसबाट युवा सूचना केन्द्रहरुले राम्रो छवी बनाउन सफल भईरहेको देखिन्छन् । यसर्थ यसरी युवाहरु संस्थागत रुपमा अगाडि बढ्दै गएमा उनीहरुको नेतृत्व क्षमतामा समेत विकास हुनेछ भने स्थानीय रुपमा क्रियाशील युवा सूचना केन्द्रहरु दिगोपनातर्फ अग्रसर भई युवाहरुको विकास यस्ता किसिमका स्थानीय संस्थामार्फत अगाडि बढाउन सकिन्छ ।

यसर्थ युवाहरु स्थानीय संस्थाको माध्यमवाट विभिन्न किसिमका संस्थागत तथा युवा विकासका कार्यक्रमहरु समुदायमा संचालन गर्दै गइरहेमा पक्कै पनि स्वाबलम्बी बन्न सक्नेछन् । हामी युवाहरु आफ्नै क्षमता विकास मार्फत् समुदायमा रमाउन सिक्यौ भने आगामी दिनहरुमा युवा पुस्ताहरुले पनि हाम्रै वाटो अनुसरण गर्नेछन यसर्थ युवा आवाज पत्रिका यस्तो प्रकाशन हो जसमा प्रकाशित लेख, रचना र अनुभुतिहरु आफ्नै मेहनतमा रमाएका युवाहरुका हातवाट कोरिएका हुन् जसले सहमतिको कार्यक्षेत्रका युवाहरुलाई मात्र नभएर समग्र युवाहरुलाई एउटा उदाहरणीय सिकाई र प्रेरणा बन्नेछ र युवा विकास मार्फत समुन्नत समाजको निर्माण गर्न सकिन्छ ।

सम्पादक/प्रकाशक :
सहमति, ग्रामीण युवा विकास कार्यक्रम

प्रकाशन सहयोगी
AWO International

# हतार हतार कतारको प्रतिफल

✍ रामचन्द्र पुलामी मगर
गैंडाकोट-३, करादिप



मेरो नाम रामचन्द्र पुलामी मगर हो । मेरो जन्म मिति २०४०।०९।१३ गते रतनपुर गा.वि.स. वडा नं. २ गडाम्दी भन्ने ठाउँमा भएको हो । मेरो अध्ययनको कुरा गर्नु पर्दा मैले कक्षा तीन मात्र पास गरे तर घरको आर्थिक अवस्थाले गर्दा केहीवर्षहरू गाउँ घरमै बिताएँ । गाउँका साथीभाइहरू दिल्ली, बम्बैतिर गएका थिए, म पनि दिल्ली जान्छु अनि दिल्ली जाने भनेर निधो गरें साथै गाँउका साथीहरु विच सल्लाह ग-यौं र त्यसको दुई दिनपछि घर छोडेर दिल्ली तिर लागियो । दुईदिनपछि हामी दिल्ली पुग्यौं दिल्ली पुगेपछि साथीभाइसँग हाँस्दै खेल्दै गर्दा एक महिना पनि बितिसकेको रहेछ अनि एक महिनापछि मात्र म काममा लागे सुखदु:ख गरेर छ महिना बिताई घर फर्के, घर फर्केपछि घरको आर्थिक अवस्थाले गर्दा फेरि दिल्ली फर्के, दिल्ली पुगेको अर्को दिन पछि काममा लागे र काम गर्दै जाँदा साथीभाइसँग जस्तो दु:ख परे पनि हाँस्दै खेल्दै गर्दा एक वर्ष बितिसकेको रहेछ । एक वर्षपछि घर फर्केर आएँ । यस्तै आउने जाने गर्दा ५/६ वर्ष बितिसकेको रहेछ । ५/६ वर्ष हिँडिसकेपछि कति दिल्लीतिर मात्र हिँड्ने दिल्ली धाउँदा पनि खासै कमाई भएको थिएन । यसपश्चात बरु अलिकति बढी खर्च गर्छु र विदेश जान्छु, धेरै पैसा कमाउछु भनेर बिचार गरे बिचार गरेर पासपोर्ट बनाए । विदेशको कुरा गर्दा खाडी मुलुकको कतार भन्ने ठाउँमा मेरो आफ्नै दाई पर्ने थियो । दाइले भनेको अनुसार मैले मेरो पासपोर्ट फ्याक्स गरेको १ महिनामा नै मेरो भिसा निस्केको रहेछ । त्यसको एकहप्तामै विदेशको कतार भन्ने ठाउँमा पुगे । पुगेको अर्को दिनदेखि काममा लागे । काम शुरु गरेकाको तीन महिनापछि मेडिकल गर्दो रहेछ मेडिकल गरेको एक हप्तापछि मेडिकल रिपोर्ट निस्कियो अनि मेरो मेडिकलको रिपोर्ट खराब छ भनेर थाहा भयो त्यसपछि कम्पनिले मलाई काम गर्न दिएन त्यसपछि मेरो मनका सपनाहरु सबै भताभुगं भए । *के सोचेको जिन्दगीमा के भयो आज* भन्ने भनाई मनमा आउन थाल्यो । धेरै पैसा कमाउने प्रलोभनमा फसेर हतार हतार कतारमा गइयो तर वास्तवमा सोचे जस्तो हुन सकेन । अनि त्यसको दुई दिनपछि यो आफ्नै प्यारो नेपाल देश फर्के । नेपाल त फर्के जाँदाको ऋण ज्यूँका त्यूँ छ के गरेर तिर्ने ,घर कसरी चलाउने यी आदि सबै समस्याहरुले मनमा चिन्ता झन् झन् बढ्न थाले । अनि मनमा आँट लिई विदेशमा जति दु:ख गरेको थिएँ त्यति नै आफ्नै गाउँमा बसेर दु:ख गर्छु भनेर कम्मर कसे र त्यही समयमा आफ्नै गाँउमा व्यवसायिक तरकारी खेतीका लागि सहयोग गर्दे आइरहेको सहमति ग्रामीण युवा विकास कार्यक्रमसँग सल्लाह र सहयोग लिई १ कठ्ठामा तरकारी खेती गरे जसवाट दु:ख गरेको अनुसार फल पाए । समय अनुसार टमाटर, खुर्सानी, काउली, बन्दा लगाएर महिनामा ५००० देखि १०००० सम्म आम्दानी गरिरहेकै छु । यसर्थ अहिले म कतै जान्न आफ्नो गाउँमा बसेर दु:ख गर्छु जस्तो दु:ख परे पनि गाउँमै दु:ख गर्छु भनेर म आफैमा विश्वास लिएर बसेको छु र अन्य युवा साथीहरुलाई पनि केही रोजगारमूलक कार्य गरी अगाडि बढन्का लागि अनुरोध गर्दे मेरो दु:खमा सहयोग गर्ने सहमति ग्रामीण युवा विकास कार्यक्रमलाई धन्यवाद दिन चाहान्छु ।

# तालिमको फाइदा

✍ हर्षबहादुर थापा मगर
डाँडाझेरी -९ टाँडी



मेरो नाम हर्षबहादुर थापा मगर हो । मेरो घर नवलपरासी जिल्लाको विकट गा.वि.स. डाँडाझेरी वडा नं. ९ टाँडी भन्ने गाउँमा पर्छ । मैले पहिला विदेशमा गएर नोकरी पनि गरेको थिएँ तर विदेशमा आफूले भनेको र देखेको र सोचेको जस्तो हुँदो रहेनछ विभिन्न समस्याहरु पाएपछि घर फर्के र त्यसपश्चात ममा आफ्नै गाउँमा कुनै पेशा गर्छु भन्ने मेरो सोंच आयो र मैले गाउँमै बसेर सानोतिनो खाजा नास्ताको पसल खोले । नजिकै स्कुल भएकोले विद्यार्थीहरु र सरहरुलाई लक्षित गरी होटल गरे तर मलाई खाजा नास्ताको बारेमा कुनै मेसो नभएर यस गा.वि.स.मा युवा केन्द्रित कार्यक्रम गरिरहेको सहमति ग्रामीण युवा विकास कार्यक्रमसँग गएर विभिन्न तालिम सम्बन्धिको प्रक्रिया बुझें र मलाई आफूले गरिरहेको खाजा नास्ता वनाउने थप तालिम सिक्नलाई रहर भयो र कार्यक्रमको सहयोगमा तालिम पनि लिए यसमा मलाई धेरै खुसी छ । अहिले मेरो होटल राम्रोसँग नै चलिरहेको छ । मैले दुनोट, समोसा, जेरीपुरी, पकौडा आदि बनाएको हुन्छु । यो तालिम लिएर मलाई धेरै फाइदा भएको छ । मेरो होटल शुरु २०६७।०८।०१ देखि भएको हो । मैले तालिम लिएको २०६९।०७।०१ मा हो । स्कुल चल्दाखेरिमा राम्रै व्यापार हुन्छ र यसर्थ यस युवा सूचना केन्द्रको सिफारिसमा सहमति ग्रामीण युवा विकासा कार्यक्रमले भिन्दै किसिमको सीपहरु सिकाएको हुँदा कार्यक्रमप्रति आभार प्रकट गर्दछु कार्यक्रमले म जस्तै अन्य युवाहरुलार्य पनि रोजगार बनाउने वातावरण प्रदान गरोस भन्ने कामना गर्दछु ।

# दलालको घात र विदेशको भात छाडी तरकारी खेतीमा

✍ थमबहादुर गन्द्रमा मगर
रतनपुर -३, भोक्रोफाट



म यस जिल्ला नवलपरासी रतनपुर गा.वि.स. वडा नं. ३ भोक्रोफाँटमा स्थायी बसोबास गर्दै आउने थमबहादुर गन्द्रमा हुँ । हाल म आफ्नै बारीमा व्यवसायिक रूपले तरकारी खेती गर्दै यसैबाट जीविकोपार्जन भइरहेको छ । यस रतनपुर-३ भोक्रोफाँटमा तरकारी खेती हुन्छ र ? तरकारी खेतीबाट व्यवसायिक रूपमा फाइदा होला भन्ने विश्वास थिएन । मैले आफ्नो पारिवारिक व्यवहार कसरी चलाउने ? परिवारको हरेक समस्या कसरी समाधान गर्ने ? भनी हरेक पल परिवारकै चिन्तामा दिन बित्दै गयो र एक दिन मलाई एक जना दलालले पैसा कमाउन विदेश पठाउँछु भनी जाँदा लाग्ने पैसा माग्यो, यो २०६३ सालको कुरा हो । जहाँ म यस ठाउँको बेरोजगार युवा भएकोले मैले विदेश गई प्रशस्त पैसा कमाएर सुखी सम्पन्न परिवार बनाउने उद्देश्यले मैले विदेश जाँदा लाग्ने रकम दिएँ र विदेश जानलाई काठमाण्डौ बोलायो अनि प्लेनबाट विदेश उडाउँला भन्दा त सिधै गाडीमा काठमाण्डौबाट भारतको बम्बई पुर्‍यायो । एक महिनासम्म विदेश पठाउँछ कि भन्ने आशाले त्यहीं बसे आखिर आशा पनि निराशा हुँदै गयो र घर फर्कन बाध्य भएँ । साहुबाट चर्को ब्याजमा लिएको रकम कसरी तिर्ने भनी मैले आफ्नै देशमा व्यवसाय गर्नु पर्छ भनी मेरो सोच आयो र मैले शुरुमा गैंडाकोटमै सानो फलफूल व्यापार गरेर बसें । त्यसबाट पनि मैले सोचे जति आम्दानी भएन जसबाट मेरो परिवारलाई खुशी र सुखी बनाउँछु भन्ने सपना पूरा भएन र त्यसपछि खसी बोकाको खरिद बिक्री गरें । यसमा पनि घाटा बेहोर्नु पर्‍यो । यस्तै अवस्थामा म भौंतारिएको थिएँ के गर्ने के नगर्ने आम्दानी गर्न विभिन्न सपनाहरु बुने सबै चकनाचुर भए । गर्ने उमेर दिनदिनै घट्दैछ यस्तै दोधारमा वसिरहेको समयमा सहमति ग्रामीण युवा विकास कार्यक्रमले यस रतनपुर-३, भोक्रोफाँटमा व्यवसायिक तरकारी खेतीको प्रयोगात्मक रूपमा तालिम दिएर बिउ बिजन पनि सहयोग गर्नु भयो । यसबाट हामी राम्रो उत्पादन गर्न सफल भयौं र तरकारी उत्पादनका लागि मेरो जोश जाँगर आयो जहाँकी हाल म आफ्नै परिवारमा बसेर आफ्नै बारीमा तरकारी उत्पादन गरी एउटा व्यवसायकै रूपमा मैले सोचे जतिको आम्दानी लिन सफल भएको छु । जुन अवस्थामा म अन्धकार रूपमा दौडिँदै ठक्कर खाएर हिँड्नु परेको थियो हाल सहमति ग्रामीण युवा विकास कार्यक्रमले व्यवसायिक सीप स्वरोजगारमूलक बनाउने ज्ञानको ज्योति दिएर अवसर दिलाएकोमा सहमति ग्रामीण युवा विकास कार्यक्रमलाई धेरै-धेरै धन्यवाद दिंदै सबै साथीहरूलाई दलालको घात र विदेशको भात खान नजानु, आफ्नै देशमा श्रम वगाई उद्यमी बनौ भन्न चाहन्छु ।

# मेरो सोचाई

✍ निशा आले
गैंडाकोट -३, तात्रीवास(वृन्दापुर)



युवा भनेको त्यो शक्ति हो जसमा समाजलाई सहज रूपमा परिवर्तन गर्न सक्ने क्षमता रहेको हुन्छ । नवलपरासी जिल्लाको गैंडाकोट-३, वृन्दापुर गाउँमा बसोबास गर्ने म एक युवा हुँ । मान्छेले जति नै पढे लेखेको भए पनि जबसम्म ऊ आफ्नो निश्चित लक्ष्यमा रहेको हुँदैन तबसम्म त्यो व्यक्ति कहिल्यै पनि सफल हुन सक्दैन । जब म यस सहमति संस्थाद्वारा संचालित ग्रामीण युवा विकास कार्यक्रमको सम्पर्कमा थिइन् तबसम्म म एक अन्धकार लक्ष्यहीन बाटो तर्फ हिँडिरहेको थिएँ । तर आज म खुशी छु किनकि मैले यस संस्थाद्वारा युवा वर्गका लागि सहयोग गरिने तालिमले आफूमा आत्मबल बढेर आएको छ र त्यही आत्मबलको साथ अघि बढी सहमतिले दिइने विभिन्न तालिमबाट गाउँका युवालाई कसरी अग्रसर गराई उनीहरूको लक्ष्यतर्फ लाग्नमा प्रोत्साहन गराउन सकिन्छ जस्ता कुराहरूको तालिम लिई धेरैभन्दा धेरै नयाँ-नयाँ कुराहरू जान्ने मौका पाएँ र मैले पाएको मौका आफूमा मात्र सीमित नराखी गाउँका युवामा पनि बाँड्ने मौका मैले पाएको छु जसले गर्दा म आज आफनो गाउँ ठाउँका युवाहरूलाई विभिन्न क्षेत्र तथा कार्यक्रमहरूमा अग्रसर गराई सुनौलो भविष्यतर्फ डोर्‍याउन, गाउँका युवाहरूको खाली समयलाई कसरी सदुपयोग गर्ने र कसरी नयाँ कुराहरूको जानकारी गराई उनीहरूमा नयाँ-नयाँ सोचहरूको विकास गराउन सक्छु भन्ने बारेमा अझ बढी क्रियाशील रही अघि बढिरहेको छु । यस सहमति संस्थासँग सम्पर्क हुनुभन्दा अघि म एक आम व्यक्ति जसमा कुनै लक्ष्य थिएन तर कार्यक्रमको सम्पर्क र सहयोग पश्चात केवल पढेर मात्र सफल व्यक्ति हुँदैनौ त्यसको लागि व्यवहारिक ज्ञान हुनु पनि जरुरी हुन्छ जुन मौका मैले यस संस्थाबाट पाएँ । जीवनलाई सफल बनाउने पहिलो खुड्किला भनेको आत्मविश्वास हो र त्यही विश्वासकासाथ म आज यस संस्थाको सहयोग मार्फत ब्युटीपार्लर सिकिरहेको छु र अबको केही समयपछि आफूले आफ्नो पार्लर खोल्ने निर्णय विश्वासकासाथ धेरै भन्दाका धेरै मेहनत तथा लगनशीलताकासाथ सिकिरहेको छु ।

यस संस्थाले मलाई धेरै कुराहरू सिकाउनुको साथै हिम्मत पनि दिएको छ । मलाई मात्र होइन अरु म जस्तै थुप्रै युवाहरूलाई विभिन्न संस्था एवं समूहमा आवद्ध गराई चेतनामूलक आयमूलक कार्यक्रम तथा सीपमूलक तालिमहरू प्रदान गर्दै आइरहेको छ । जसले हामी जस्ता थुप्रै युवाहरूलाई सफल भविष्यतर्फ डोर्‍याई रहेको छ जसको लागि म यस सहमति ग्रामीण युवा विकासलाई हृदयदेखि नै धन्यवाद दिन चाहन्छु ।

# सपनालाई साकार बनायो कार्यक्रमले

✍ विर्खमाया चितौरे (विनिता)
गैंडाकोट-३, ढोडेनी



मेरो जन्म मिति २०४९।०२।०२ गतेका दिन बुवा जगतबहादुर चितौरे मगर र आमा रूपमाया चितौरे मगरको कोखबाट गैंडाकोट गा.वि.स. वडा नं. ३ ढोडेनीमा भएको हो । म एक साधारण किसानीकी छोरी भएको हुनाले म आफूले आफैलाई कसरी परिवर्तन गर्ने र आफू परिवर्तन कसरी हुने हो भन्ने कुराको अन्योलमा थिए । गुणस्तरीय वातावरण नपाएको कारणले गर्दा खेरी मेरो पढाइमा धेरै प्रभाव परिरहेको थियो । म आफूलाई कसरी अगाडि बढाउने, कसरी आफ्नो खुट्टामा आफै उभिने भन्ने धारणा लिइएकी थिएँ । मेरो दिनचर्या स्कुल पढ्नमा बितिरहन्थ्यो । कक्षा १२ को जाँच सकिएपछि म घरमा बसीरहँदा खेरी मैले आफ्नो भविष्यलाई कसरी सफल बनाउने हो भन्ने कुरामा मात्रै चिन्तित भइरहन्थ्ये । एकदिन मैले आफ्नो गाउँघरमा रहेका दिदीबहिनीहरूको सल्लाह बमोजिम यस सहमति संस्थाबाट सञ्चालित ग्रामीण युवा विकास कार्यक्रम मार्फत् ६ ब्युटिसियन तालिम सिक्ने अवसर पाएँ र सिक्न सफल भए ।

तालिम सकिए सकिए पश्चात मेरो मनमा केही आँट बढ्न थाल्यो । म अब घरमा मात्र बसेर हुँदैन । घरभन्दा बाहिर निस्केर केहि व्यवसाय गर्नुपर्छ भन्ने बिचार गरि २०६८ फाल्गुन ८ गतेबाट आफ्नै गाउँ ढोडेनी चोक बजारमा ब्युटीपार्लर पसल खोली यसैमा संलग्न भएकी छु । यसमा मेरो घर परिवारले धेरै साथ दिएका छन् र अहिले यही व्यवसायबाट मेरो पढाइ खर्च र घर खर्च चलाउन सहयोग भएको छ । घर सञ्चालन गर्ने सजिलो भएको छ । अहिले दिनहुँ रु. १०००।- भन्दा बढीको नै व्यापार भैरहन्छ । मैले आफूले रोजेको व्यवसायबाट एकदम सन्तुष्ट छु । त्यसैले यो व्यवसाय बाहेक अरु पेशा गर्ने पनि सोच बनाएकी छैन बरु अझै थप कोर्षहरू सिकेर यही व्यवसायलाई नै दिगो बनाउने अठोट लिएकी छु । *उद्देश्य बिनाको शिक्षा र गन्तव्य बिनाको यात्री* को अर्थ नहुने कुरा हामी सबैलाई थाहा नै छ ।मेरो सानै देखिको सपना ब्युटिसियन तालिम लिएर आफ्नो भविष्यलाई उज्जवल बनाउने थियो र त्यो सपना अहिले आएर पूरा भएकोमा धेरै भन्दा धेरै खुशी भएकी छु । मलाई सीप सिकाउन सहयोग गर्ने र यहाँसम्म आउन सफल गराउने सहमति ग्रामीण युवा विकास कार्यक्रमलाई धेरै भन्दा धेरै धन्यवाद दिन चाहन्छु । यसरी नै हाम्रो जस्तो दुर्गम गाउँ ठाउँमा रहेको अन्य धेरै बेरोजगार युवा साथीहरूलाई पनि सीपमूलक तालिम दिई स्वरोजगारमूलक बनाई आर्थिक उन्नति बढाउने काम गरिरहन आग्रह पनि गर्दछु ।



# आफ्नै सीपबाट रमाउँदै यामवहादुर

✍ यमबहादुर सुगरपाक मगर
रतनपुर-२, गडाम्दी




म यमबहादुर, मेरो व्यक्तिगत कुरा गर्नुपर्दा पहिला म पैसा कमाउनका लागिविदेशको खाडी मुलुकमा गएको थिएँ । हातमा सीप थिएन भनेजस्तो काम अनि दाम पनि पाइन र पछि काम पनि अप्ठ्यारो भएकोले आफ्नै मुलुकमा फर्किए आफ्नो घर आएपछि के गर्ने के नगर्ने दोधारमा परेको थिएँ यसै क्रममा सहमति ग्रामीण युवा विकास कार्यक्रमसँग सम्पर्क भयो । कार्यक्रमकै सल्लाह र सहयोगमा ३ महिने हाउस वायरिङ तालिम लिएँ र तालिम पनि पूरा भयो । बिस्तारै बिस्तारै स्वरोजगार बनी आत्मा निर्भर हुन थालेको छु । महिनामा ५/७ हजार कमाउन थालेको छु । हाल आफ्नो घरमै बिजुलीको पसल राखेपछि झन् दिन प्रति दिन आम्दानी बढ्न थालेको छ । अहिले आफ्नो खुट्टामा आफै उभिन सकेको छु । तालिम नसिकुन्जेल मैले धेरै दु:खकष्ट सहनुपरेको थियो । एक दुई पैसा पनि देख्न पाउँथिइन, अहिले मेरो हातमा सीप छ र म धेरै खुशी पनि छु । अब म के भन्न चाहन्छु भने हाम्रो गाउँका वेरोजगार युवाहरू पनि केहि गरौ सहमति ग्रामीण युवा कार्यक्रमसँग गएर केही सल्लाह लिएर विभिन्न तालिम लिएर आफ्नो अनि गाउँको विकास गरे राम्रो हुने थियो र आफैलाई फाइदा हुने थियो । रोजगार पनि हुन पाउने जिविकोपार्जनका लागि कमाई हुने अर्को कुरा आफ्नो भविष्यको लागि नै हो सीप नसिके जहाँ गए पनि रोजगार पाउन सकिदैन त्यसैले कुनै पनि सीप सिक्नको लागि अति नै जरुरी छ । यति भन्दै मेरो दुई चार शब्द टुगियो । म यमबहादुर सुगरपाकलाई सहमतिले तालिम लिंदा र पछि पनि आवश्यक सामाग्री सहयोग गर्नु भयो यसमा सहमति ग्रामीण युवा विकास कार्यक्रमप्रति उत्तर उत्तर कामना व्यक्त गर्दछु ।

## ममा आएको परिवर्तन ......................

आवद्ध भएपछि समूहको सचिव पद लिएँ । बिस्तारै सहकारीमा शेयर सदस्य भएपछि सहकारी संस्थाको कोषाध्यक्ष पद लिएँ त्यसपछि के गर्नु पर्छ थाहै थिएन । राति सुत्छु निद्रै नलाग्ने, एक्लै हिँड्छु सहकारीकै बारेमा सोच्थे । अहिले आएर धेरै कुरा बुझेकी छु । यदि म समूहमा आवद्ध नभएको भए मेरो जिन्दगी घरको काममा नै बित्थयो, कुवाको भ्यागुता झैं बस्नु पर्थ्यो । सहकारी संस्थामा शेयर सदस्य भएका दिदीबहिनीहरूसँग घुलमिल हुन पाएकी छु गा.वि.स.भरिमा चिनिन पाएकी छु । अहिले मेरो व्यक्तिगत जीवनमा पनि यस कार्यक्रमको सहयोगले धेरै प्रभाव पारेको छ । आफ्नो मनमा लागेका कुरा समूह र सहकारीका साथीहरुलाई वुझाउन सक्ने र राख्न सक्ने भएकी छु । यस्तै सहमति ग्रामीण युवा विकास कार्यक्रमको कार्यक्रम व्यवस्थापन समितिको सदस्य पदमा समेत वसी कार्यक्रमद्वारा संचालित विभिन्न किसिमका क्रियाकलापहरुको अनुगमन गर्दै कार्यक्रमलाई सुझाव सल्लाह प्रदान गर्दै आइरहेकी छु । यसर्थ सहमति ग्रामीण युवा विकास कार्यक्रमलाई धन्यवाद दिँदै बिदा हुन्छु ।

# असल कृषकको अनुभव

गमबहादुर लुंगेली
डाँडाभेरी-१, भेल्लौरी



नवलपरासी जिल्लाको विकट पहाडी १७ गा.वि.स.मध्येहरूको सबैभन्दा विकट र हरेक क्षेत्र ( शैक्षिक, आर्थिक, यातायात र सामाजिक) बाट पिछडिएको ८०% भन्दा बढी मगर जातिहरूले बसोबास गर्दै आएको र जिल्लाको ७३ गा.वि.स.हरूमा पछाडिबाट गिन्ती गर्दा १ नं. मा आउने यस डाँडाभेरी गा.वि.स.को वडा नं. १ मा बसोबास गर्ने म एक कृषक हुँ ।

विगतको अनुभवलाई र हालसम्मको अवस्थालाई हेर्दा यो गा.वि.स.का अधिकांश कृषकहरू अशिक्षाको कारण परम्परागत ढंगबाट खेतीपाती गर्दै आइरहेका छन । परम्परागत ढंगबाट खेतीपाती र पशुपालन गर्दा आफ्नो शरीरले दु:खसास्ती भोग्नु पर्ने अवस्था त छँदैछ । खेतीपातीले आवश्यक मात्रामा मलजल र गोडमेल नपाउनु र पशुहरूले समयमा खाना दाना नपाउनुको साथै आवश्यक मात्रामा पौष्टिक आहार नपाई समयमा पाठा नलिनु, समय नहुँदै गर्भ तुहुनु, जन्मेको बच्चा बीचैमा मर्नु इत्यादि समस्याहरू आई परिरहेको छ ।

तसर्थ सफल र असल कृषक बन्नको लागि एक त आफू मेहेनती र परिश्रमी हुनु आवश्यक छ अर्को तिर बहुमुखी र निर्वाहमुखी कृषक हुन भएन । निर्वाहमुखी कृषक केवल जीवन निर्वाहको लागि मात्र र जेनतेन गुजारा गर्ने अनि बाबु बाजेको संस्कार धान्ने शिवाय अरु नभएकोले निश्चित उद्देश्य लिएर मात्र काम गर्न आवश्यक देखिन्छ ।

हुन त विगतमा विभिन्न संघ संस्थाहरूले जनचेतनामूलक कार्यक्रमहरू लिएर आए तर समुदाय जस्ताको तस्तै रह्यो । जनचेतनामूलक कार्यक्रमको साथसाथै स्वरोजगारमूलक ज्ञान सीपहरू दिलाई दिएको भए यस्तो अवस्था आउने थिएन । सन् २००८ देखि सहमतिले ग्रामीण युवा विकास कार्यक्रम लिएर आएपछि लक्षित वर्गमा प्रभाव पर्न थालेको छ । विशेष अनुदान सहयोगको साथसाथै त्यसलाई निरन्तर र दिगो गराउन आवश्क ज्ञान सीप समेत दिलाई कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ । यो कार्यक्रमले लक्षित वर्गले पाउनु पर्ने सेवा सुविधाको साथसाथै ज्ञान सीपमा दखल भएको छ ।

२०६६ सालतिर व्यवसायिक कृषक बन्ने उद्देश्यले सहमतिले उन्नत जातको नश्ल सुधार गरेको पखिवास धराने कालो बंगुर विशेष अनुदानको साथसाथै पशुपालनको लागि आवश्यक तालिम र सरसल्लाह पाएपछि उक्त बंगुर व्यवसायबाट मनग्गे आम्दानी बढ्न थालेको छ । स्थानीय बजार भाउमा बिक्री गर्दा पनि आम्दानी आउन थालेपछि एकल व्यवसायबाट राम्रो आम्दानी हुँदो रहेछ भन्ने मलाई महशुस भएको छ । व्यवसायलाई ठोस सेवा दिनको लागि बंगुरपालकहरूको एउटा समूह संजाल बनेर त्यसको उचित बजारको व्यवस्थाको आवश्यक देखिन्छ ।

समूह संजाल तयार भएमा आवश्यक औषधी, दाना, बजार व्यवस्था राम्रो हुने र कृषकले त्यसको आवश्यक दरभाउ अनुसार मूल्य पाउन सक्दछ र आफूले गरेको लगानीको प्रतिफलमा नोक्सान हुन पाँउदैन ।

# मेरो ईच्छा र अठोट

हरि प्रसाद शर्मा
गैंडाकोट -३, हर्दि



हर्दि गाउँ गैंडाकोट सिलन्यासबाट पूर्व-उत्तर पर्ने एक रमणीय ठाउँ हो । सिलन्यासचोकबाट करिब ८ किलोमिटरमा पर्ने र देवघाट क्षेत्र विकासबाट २ किलोमिटर रहेता पनि आज २१औं शताब्दीमा पनि विकासका कुनै पनि पुर्वाधार पुग्न नसकेको हुँदा यहाँका जनताहरू छटपटाइरहेको अवस्था देखिन्छ । नेपाल सरकार वा नेपालमा रहेका कुनै पनि संस्थाले विकासको गतिमा पाइला चाल्ने हो भने यस गाउँलाई गैंडाकोट गा.वि.स.कै नमूना गाउँ बनाउन सकिनेछ ।

मिति २०६४ साल माघ महिनामा सहमति संस्थाबाट यस गाउँको भू-बनावट र यहाँका बासिन्दाको आयआर्जन के छ र कसरी यहाँका मानिसहरू जीविकोपार्जन गरिरहेका छन् भनी यहाँको घर संख्या र आर्थिक आम्दानीको संकलन गरीएको थियो । यहाँका मानिसलाई बचत र आर्थिक आम्दानी कसरी गर्नुपर्छ र कस्तो काममा लगानी लगाउनु पर्छ भन्ने थाहै थिएन त्यस संस्थाले पहिला यहाँ बचत संकलन गर्न लगायो र त्यसपछि यहाँ तरकारी तथा फलफूल खेतीका लागि उपयुक्त माटो भएको हुँदा यहाँ सर्वप्रथम टमाटर खेती गर्नका लागि संस्थाबाट प्राविधिक सहित विउविजन र आवश्यक सामाग्री पनि सहयोग भयो जसवाट टमाटर खेती सफल देखियो तर पनि सिंचाईको लागि पानी नभएको हुँदा तरकारी तथा फलफूल खेतीबाट चाहे जतिको राम्रो आम्दानी देखिएको छैन । गाउँमा रहेका बेरोजगार युवाका लागि विभिन्न किसिमका सीपमूलक तालिम र सचेतना जगाउनका लागि विभिन्न प्रकारका तरकारी खेती तथा फलफूल खेती गरिने ठाउँमा समेत भ्रमण लैजाने कार्य पनि जारी छ ।

यसरी बेरोजगारी युवालाई गाउँमै बसी आयमूलक काममा सरिक भएर सफलता हाँसिल गरेको देखी मलाई पनि विदेश जानुभन्दा आफ्नै गाउँमा बसी फलफूल तथा तरकारी खेती गरी आयआर्जन गर्न मन लागेको हुँदा म पनि अहिले १०० ओटा केराका विरुवा सारेको छु । अझसम्म त त्यही विरुवा राम्रा र कुनै औषधी र पानीको प्रयोग नगरेता पनि फल राम्रै दिने जस्तो छ र केहिले त फल पनि राम्रै दिएको छ । त्यसैले गर्दा त्यसै बेरोजगार भएर बस्नुभन्दा त घरमै बसी बसी केही गर्नु पर्दो रहेछ भन्ने चाहना मेरो लागेको छ ।

अझ यस गाउँमा सिंचाई सुविधा भएको भए अझ यस गाउँलाई तरकारी तथा फलफूल खेतीको लागि नमूनामुखी ठाउँ नै भनेर चिनाउने थिए होला यहाँका बासिन्दाले तर सिंचाइको व्यवस्था मिलाउनका लागि कुनै संस्थाले पनि सकेका छैन कि चासो नराखेका हुन् बुझ्न सकिएको छैन ।

# युवाहरूको संस्थागत संगठनबाट सामाजिक परिवर्तन

✍ रेखबहादुर पुलामी
अध्यक्ष, जनसेवा सामाजिक विकास केन्द्र, डाँडाफेरी -४, बरिमल



विकास भन्ने शब्दलाई केलाउने हो भने विभिन्न व्यक्ति वा संस्थाले आ-आफ्नै तरिकाले परिभाषा लगाएको भेटिन्छ तर ग्रामीण समुदायलाई मध्यनजर गरेर अर्थ लगाउने हो भने परम्परागत रूपमा रुढिवादी तरिकाले सञ्चालन हुँदै आइरहेको ग्रामीण क्रियाकलापहरूलाई सकारात्मक तरिकाले परिवर्तन गर्नुलाई नै विकास हो भनेर भन्न सकिन्छ यहाँ यस्तै रुढिवादी परम्परा क्रियाकलापहरूलाई चर्चा गर्न खोजिएको छ । जुन क्रियाकलापहरूलाई ग्रामीण भेगमा बसोबास गर्ने युवाहरूद्वारा सकारात्मक रूपमा परिवर्तन गर्दै अगाडि बढाइरहेका छन् । हाम्रो युवा क्लबको शुरुवात देउसी भैलोबाट भएको हो ।

२०६५ सालमा युवा क्लब थियो र २०६६ सालमा जनसेवा सामाजिक विकास केन्द्र स्थापना गरी संस्थामा आवद्ध रहेका सक्रिय युवाहरूले आफ्नो गाउँमा मात्र नभएर गा.वि.स.का अन्य गाउँहरूमा पनि सरसफाइ तथा सशक्तिकरण सम्बन्धी विभिन्न क्रियाकलापहरू सञ्चालन गर्दै बरिमलमा २६ ओटा शौचालय र २६ ओटै घरमा सुधारिएको चुलो र सुधारिएको बंगुर खोर निर्माण गरी गाउँलाई नै नमूनाको रूपमा अगाडि ल्याएका छन् । हाम्रा गाउँमा चोक बाटो, धारा सरसफाई गर्दै आइरहेका छन् तथा शुरुमा विकारल अवस्थामा विद्यमान मदिरा सेवन गर्ने तथा अनावश्यक रूपमा चुट्का नचाउने चलनलाई समय अनुकूल परिवर्तन गर्दै हाल यस गाउँका अधिकांश युवाहरूले मदिरा सेवन गर्दैनन् भने चुट्का नाँचलाई पनि आवश्यकता अनुसार मात्र नचाउने गर्दछन् । यसका साथसाथै सहमति ग्रामीण युवा विकास कार्यक्रमको साझेदारीमा डाँडाफेरी गा.वि.स. वडा नं. ४ धवादीमा ३७ ओटा शौचालय निर्माण र सुधारिएको चुल्हो बनाउने पहल गरियो साथै वार्ड नं.३ पेलेगामा २६ ओटा शौचालय निर्माण र सुधारिएको चुल्हो र बंगुरका खोर निर्माण गरिएको थियो भने डाँडाफेरी गा.वि.स.का वडा नं. ३ पेलेगा र वडा नं. ४ बरिमल र धवडी, वडा नं. ७ रामकोट, वडा नं. ८ छरछरे गरी ५ ओटा गाउँमा अनौपचारिक युवा शिक्षा सञ्चालन गरी गाउँको शिक्षामा सुधार ल्याउन पहल गरिसकेका छन् भने गा.वि.स.लाई खुला दिसा मुक्त गा.वि.स. घोषणा गर्नका लागि जनसेवा सामाजिक विकास केन्द्र लगायत अन्य संस्था र गा.वि.स.को पहलमा भर्खरै मात्र जिल्लाका विकट गा.वि.स. भनेर चिनिने गा.वि.स.लाई अन्य सुगम गा.वि.स.लाई पछाडि पार्दै गा.वि.स.लाई नै जिल्लाको छैठौं खुल्ला दिसामुक्त गा.वि.स.को रुपमा घोषणा गर्न सफल भयौं भने घरभित्रको धुवाँरहित गा.वि.स.मा जिल्लाको पहिलो गा.वि.स. बन्न सफल भएको छ ।

त्यसैगरी ५ ओटा गाउँका महिलाहरूलाई पैरवी तालिम दिएर महिलाहरूलाई आ-आफ्नै हकहितका लागि लड्ने भएका छन् जसमा वडा नं. ३ पेलेगा, वडा नं. ४ बरिमल र धवादी, वडा नं. ५ बोफा, वडा नं. ६ गोठडाँडा र यसै गाउँहरूमा वातावरणीय सरसफाई र महिला जागरण कार्यक्रम गरी यसै गाउँमा जुठेल्नो सुधार र पलास्टिक र शिशा जस्ता वस्तुहरू जलाउने र जम्मा गर्ने, खाल्डो समेत खनेका छन् । सरसफाइलाई अगाडि बढाइरहेका छन् । तसर्थ यदि युवाहरूमा आफ्नो गाउँ र गा.वि.स.कै गाउँको लागि केही गरौं अरुभन्दा फरक बनौं र समाजको लागि उदाहरणीय काम गरौं भन्ने जोशजाँगर र हिम्मत निकाले डाँडाफेरी जस्तो विकट गा.वि.स.मा त विकासको सम्भव भयो भने अन्यत्र गा.वि.स.हरूमा त असम्भव भन्ने कुरै छैन र ग्रामीण भेगमा बसोबास गर्ने युवायुवतीहरूको समस्या पहिचान गर्नका लागि १२औं अन्तर्राष्ट्रिय युवा दिवस अवसर पारेर डाँडाफेरी र कोटथर गा.वि.स. र युवायुवती तथा बुद्धिजीवी समाजसेवीहरुलाई भेला गरियो र १२औं अन्तर्राष्ट्रिय युवा दिवस मनाइयो र यसै डाँडाफेरी गा.वि.स.का महिला स्वयंसेविकाहरूले स्वस्थ्य चौकीबाट दिएको औषधी ओसिएर धेरै मात्रामा बिग्रने भएकाले हाम्रो डाँडाफेरीबासी बालबालिका र गर्भवती महिलाले राम्रो औषधी खाना नपाउने भएको कारणले ग्रामीण युवा विकास कार्यक्रम सहमति र जनसेवा सामाजिक विकास केन्द्रले गा.वि.स. का ९ जना स्वयंसेविकालाई एक-एकओटा बाकस वितरण गऱ्यो र यसै डाँडाफेरीका श्री फेरीखण्डेमा नि.मा.वि. ५, ६, ७ र ८ र श्री जीवनज्योति मथारमा नि.मा.वि. ७, ८ र श्रीदेव वडाचुली मा.वि.मा कक्षा १० का विद्यार्थीहरूलाई अनौपचारिक शिक्षा सञ्चालन गरिरहेका छन् ।

जनसेवाले आफ्नै तालिम हल र अफिस कोठा बनाउनका लागि गा.वि.स. र सहमतिको सहयोगमा २०६६ सालमा २ कोठे पक्की घर समेत निर्माण गरिसकेको छ । ग्रामीण युवा विकास कार्यक्रमले जनसेवा सामाजिक विकास केन्द्र नेपाललाई अगामी दिनहरूमा सल्लाह सुफाव र सहयोगको अपेक्षा राख्दै सहमति ग्रामीण युवा विकास कार्यक्रमलाई धन्यवाद टक्र्याउन चाहन्छु ।

## ट्रक ड्राइभर छाडी .........................

सहयोगमा गाउँमा नै प्लाष्टिक पोखरी निर्माण गरियो ।

त्यसपश्चात हामी सम्पूर्ण गाउँवासीहरु झन् उत्साह र आँटका साथ तरकारी खेतीमा निरन्तर लागिरहेका छौं । यही तरकारीखेतीबाटै सबै परिवारको जिविकोपार्जन भइरहेको छ । यस गाउँलाई नै तरकारीखेती बाट आत्मनिर्भर बनाउन सहयोग गर्ने सहमति संस्थालाई धन्यवाद दिदै आगामी दिनमा सल्लाह, सुफाव र सहयोगको अपेक्षा गर्दछौं ।